नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचना नं ४

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी समायोजन सम्बन्धी अत्यन्त जरुरी सूचना

(साविकमा सरकारी सेवामा नियुक्त भई हाल कार्यरत रहेका तर संघ, प्रदेश र स्थानीय तहको नयाँ संगठन संरचनामा दरवन्दी कायम नभएका पदका कर्मचारीहरुका लागि)

### प्रथम पटक प्रकाशित मितिः २०७५/०९/११

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ७ को उपदफा (३) को प्रयोजनको लागि अध्यादेश प्रारम्भ हुनु अघि सरकारी सेवामा नियुक्ति भएका तर दफा ३ बमोजिम संगठन संरचना तथा दरवन्दी स्वीकृत हुँदा दरवन्दीमा नपरेका स्थायी कर्मचारीहरुको हकमा सम्बन्धित सेवा, समूहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुरा गरेको भएमा प्रदेश वा स्थानीय तहको सेवाको शैक्षिक योग्यता मिल्ने सेवा, समूहको पदमा समायोजन गर्न सकिने व्यवस्था भए अनुरुप यस मन्त्रालयको वेवसाइट www. samayojan.gov.np मा रहेको Online Application Link मा गई यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कर्मचारी समायोजन अध्यादेश, २०७५ ले निर्दिष्ट गरे अनुरुप समायोजनका लागि आवेदन गर्नुहुन सम्बन्धित कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कुनै कारणले कर्मचारी आफैंले online आवेदन गर्न कठिनाइ भएमा त्यस्ता कर्मचारीहरुलाई आवेदन पेश गर्न सहयोग तथा सहजीकरण गर्ने प्रयोजनका निम्ति सेवा संचालन गर्ने मन्त्रालयहरु/निकायहरु, प्रदेशका मुख्य मन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरु, जिल्ला प्रशासन कार्यालयहरु, जिल्ला समन्वय समितिका कार्यालयहरु, सबै स्थानीय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका) का कार्यालयहरुमा यो सूचना प्रकाशन भएकै मितिदेखि संचालन हुने गरी हेल्प डेक्सको व्यवस्था गरिएको छ । यो सूचना बमोजिम समायोजन हुन आवेदन नगरेमा वा समायोजनका निम्ति तोकिएका सबै प्रकृया पुरा नगरेमा वा छनौट गर्नुपर्ने तह छनौट समेत नगरी आवेदन गरेमा सो कारणले मात्र कुनै पनि प्रदेश वा स्थानीय तहमा समायोजन गर्न कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम बाधा नपर्ने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिएको छ ।